नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

## विज्ञप्ति

बाँके जिल्ला नेपालगञ्ज उपमहानगरपालिका वडा नं. १७ बस्ने एकल महिला निर्मला कुर्मीको अपहरण तथा शरीर बन्धक र कर्तव्य ज्यान सम्बन्धी जाहेरी र सोही जिल्ला जानकी गाउँपालिका वडा नं. २ नेवाजी गाउँ बस्ने नन्कुन्नी धोवीको हत्या सम्बन्धी जाहेरीको विषयलाई लिएर महिला अधिकार मञ्च, बाँकेले आन्दोलन र विरोधका कार्यक्रमहरु गरिरहेको र पछिल्ला दिनमा संघीय राजधानी काठमाडौंको माइतीघर मण्डलामा अनसन बसिरहेकोमा आज मिति २०७८/०७/०२ गते यस मन्त्रालयका प्रतिनिधि र आन्दोलनरत पक्षकाबीच वार्ता भई आन्दोलनकारीका तर्फबाट आन्दोलन र अनसनका कार्यक्रम स्थगन गरेको व्यहोरा जानकारी गराइन्छ ।

साथै, उल्लिखित घटनाहरुको सम्बन्धमा छानविन गरी ७ (सात) दिनभित्र प्रतिवेदन पेश गर्न नेपाल सरकारले यस मन्त्रालयको सहसचिवको संयोजकत्वमा छानविन समिति गठन गरेको व्यहोरा समेत जानकारी गराइन्छ ।

२०७८।७।०२

मितिः २०७८/०७/०२

फणिन्द्रमणि पोखरेल
सहसचिव/प्रवक्ता